**उपप्रमुख श्री मञ्जु देवकोटा ज्यूबाट मितिः २०७७/०३/१० गते सातौ नगरसभामा प्रस्तुत विनियोजन विधेयक २०७७ तथा आर्थिक विधेयक २०७७**

कमलामाई नगरपालिकाको सातौ नगरसभाका अध्यक्ष एवं नगरप्रमुख खड्ग बहादुर खत्री ज्यू,

प्रमुख प्रशासकीय अधिकृत ज्यु ,

नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु,

उपस्थित कर्मचारी मित्रहरु

सबैमा हार्दिक अभिवादन ।

(१) कमलामाई नगरपालिकाको उपप्रमुखको हैसियतले यस गरिमामय सातौ नगरसभा समक्ष आगामी आर्थिक वर्ष २०७७/०७८ को लागि अनुमान गरिएको कुल आय-व्ययको बजेट समेटिएको विनियोजन विधेयक र नगरपालिकाको आन्तरिक राजश्वका सम्बन्धमा कर, शुल्क र दस्तुरको निर्धारण समेटिएको आर्थिक विधेयक पेश गर्न पाउंदा मलाई असाध्यै खुसी र गर्व महसुस भएको छ ।

(२) आजको यस महत्वपूर्ण घडीमा लोकतान्त्रिक गणतन्त्र प्राप्ति र समृद्धिका लागि आफ्नो जीवनको आहुती गर्नु हुने ज्ञात अज्ञात शहिदहरू प्रति म हार्दिक श्रद्धा सुमन अर्पणगर्दै विभिन्न राजनैतिक/समाजिक आन्दोलनका क्रममा घाइते, अङ्गभङ्ग र वेपत्ता पारिएका नागरिकहरू प्रति म उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

(३) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगका कारण विश्वले एकैपटक मानवीय र आर्थिक संकटको सामना गर्नु परिरहेको छ । यस्तो विषम परिस्थितिमा पनि आफ्नो धैर्यता र अनुशासनलाई पालना गरी आफ्नो कर्तव्य र जिम्मेवारीलाई उच्च ख्याल गर्दै अहोरात्र खटिरहने सम्पूर्ण स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, कर्मचारीहरु लगायत आम जनसमुदायलाई म हृदय देखि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

(४) आर्थिक बर्षको अन्तिम चौमासिक तिर आईपुग्दा कोरोना रोगको कारणले निम्त्याएको मानसिक त्रास तथा बन्दाबन्दीको अवस्थामा भ्रेल्नु परेको अभाव र कष्टका बाबजुत पनि कमलामाई नगरपालिकाले घोषणा गरेको आफ्नो आर्थिक विकाश, सामाजिक विकाश, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह तथा सुशानका क्षेत्रमा उल्लेख्य सफलता हासिल गरेको छ । नगरवासीको समस्यालाई समाधान गर्न आफ्नो श्रोत र साधनले भ्याएसम्म त्यसको उच्चतम सदुपयोगमा नगरले सधै ध्यान दिदै आएको कुरा यहाहरु सबैमा जगजाहेर नै छ ।

अध्यक्ष महोदय,

(५) कमलामाई नगरपालिकाले आगामी आर्थिक बर्षका लागि आफ्नो संचित कोषबाट **रु. १ अर्व १६ करोड ४७ लाख १२ हजार ६६० रुपैयाँ** बराबरको कुल आय अनुमान गरी सोही बराबर खर्च गर्ने गरी आय तथा व्ययको बजेट अनुमान गरिएको छ । जसको समग्र श्रोत तथा व्यय शीर्षक विनियोजन विधेयकको अनुसूचि -१ मा उल्लेख गरिएको छ । जसलाई म यस सम्मानित सभा समक्ष छलफल र स्वीकृतिका लागि पेश गर्दछु ।

(६) देश नै बन्दाबन्दीको चपेटामा परेको अहिलेको अवस्थामा अर्थतन्त्र कमजोर बनेको र आगामि दिनहरुमा अझै चुनौतीहरु थपिदै जाने अनुमान गर्न सकिन्छ । यस्तो अवस्थामा नगरपालिकाले संकलन गर्ने राजश्वका दरहरुलाई नबढाई यथावत नै राखि आगामि आर्थिक बर्ष २०७७/७८ का लागि कर, शुल्क र दस्तुरका दरहरु निर्धारण गरिएको छ , जसको विस्तृत विवरण आर्थिक विधेयकमा उल्लेख गरिएको छ । जसलाई म यस गरिमामय सभामा छलफल र स्वीकृतिका लागि पेश गर्दछु ।

(७) एक आर्थिक वर्षमा प्राप्त अनुभव र सिकाईलाई आधार मानी आगामी आर्थिक बर्षका लागि हामिले त्यसलाई मार्गनिर्देशको रुपमा लिनुपर्छ भन्ने मलाई लाग्छ । राजश्व र विकास दुवै एकै सिक्काका दुई पाटा भएकाले राजश्व विना विकास सम्भव हुँदैन । तसर्थ  करदाता र नगरपालिका बीचको सम्बन्धलाई सुमधुर बनाई करदाताले तिर्न सक्ने

क्षमताको आधारमा प्रगतिशिल करको दरका माध्यमबाट राजश्व संकलन गर्नु पर्ने देखिन्छ । नगरको विकासको मेरूदण्ड भनेकै राजश्व भएको हुँदा ***‘जनताले तिरेको कर नगर विकासको आधार’*** भन्ने कुरालाई आत्मासात गर्दै करदाता र नगरपलिकाको एक आपसको परिपुरकको सम्बन्धलाई अफ्र प्रगाढ बनाउँदै लैजानुपर्ने देखिन्छ । हामिले आन्तरिक आयश्रोतलाई बलियो बनाउन सकेमा मात्र स्थानीय सरकारको उपादयता रहने हुनाले यस तर्फ आगामि दिनहरुमा ठोस पहलहरु गर्नुपर्ने कुरा म यस सम्मानित सभामा राख्न चाहन्छु ।

अन्तमा,

सातौ नगरसभामा पेश गरिएको आय-व्यय समेटिएको विनियोजन विधेयक तथा राजश्वका दरहरु समेटिएको आर्थिक विधेयक तयार गर्न तथा यस कमलामाई नगरपालिकाको विकास, समृद्धि र समुन्नतिका लागि निरन्तर सदभाव र सहयोग गर्नुहुने सम्पूर्ण नगरवासी महानुभावहरु, नगरप्रमुखज्यू लगायत सम्पूर्ण नगरसभाका सदस्य ज्युहरु, आफ्नो जिम्मेवारीमा खटिरहने सम्पूर्ण कर्मचारी परिवार, करदाता महानुभावहरु, विकास साफ्रेदारहरु, विभिन्न संघसंस्थाहरु प्रति म हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यवाद ।**

..........................

मन्जु देवकोटा

(नगर उपप्रमुख)

कमलामाई नगरपालिका, सिन्धुली